# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बरहथवा,सर्लाही
## प्रदेश नं.२,नेपाल

# शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/७/२७)**

बरहथवा नगरकार्यपालिका कार्यालयको मिति २०७५।०७।२५ गतेको निर्णय अनुसार आ.व. २०७५।०७६ का लागी तपसिलमा उल्लेखित औषधी/सामाग्री दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा ब्यक्तिहरुबाट यो दरभाउपत्र आव्हान गरिएको छ। इच्छुक फर्म वा कम्पनीले आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्र तथा आ.व.०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही तपसिल वमोजिमको मिति, समय र स्थानमा शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्र संख्या | कामको विवरण | अधिकतम परिमाण | न्यूनतम लागत अनुमान (रु) | पछि फिर्ता नहुने गरी बोलपत्र फारम दस्तुर रु |
|---|---|---|---|---|
| ४।०७५।०७६ | निशुल्क वितरणका लागि औषधी खरिद | स्वीकृत स्पेसिफिकेशन र परिमाण अनुसार | रु. १३,४८,८९७।१२ (रु.तेह्र लाख अडचालिस हजार आठसय सन्तानब्बे रुपैया र पैशा बाह्र मात्र ) | रु. १,०००।- (रु एक हजार मात्र) |
| ५।०७५।०७६ | नवजात शिशुलाई वितरणका लागि न्यानो झोला (लुगा सेट) खरिद | १००० (एक हजार थान मात्र) | रु. ९,००,०००।- (रु. नौ लाख मात्र) | रु. १,०००।- (रु एक हजार मात्र) |

१. दरभाउपत्र **खरिद गर्ने मिति, समय र स्थान** : २०७५/७/ २७ गते देखि २०७५/८/११ गते सम्म, कार्यालय समय भित्र, बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय।

२. दरभाउपत्र **पेश गर्ने अन्तिम मिति, समय र स्थान** : २०७५/८ / १२ गते दिनको १२ :०० वजे, बरहथहवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बरहथवा, सर्लाही।

३. दरभाउपत्र **खोल्ने मिति, समय र स्थान** : २०७५/८/१२ गते दिनको २:०० वजे बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बरहथवा, सर्लाही।

४. जमानत वापत कुल लागत अनुमान अंकको ३ (तीन) प्रतिशतले हुने रकम बरहथवा नगरपालिकाको नाममा **'क'** वर्गको बैंकको १२० दिन अवधिको बैंक जमानत वा जमान वापतको रकम नेपाल बैंक लि. बरहथवा शाखामा बरहथवा नगरपालिकाको नाममा रहेको धरौटी खाता च.हि.नं.१४००३००००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ।

५. **शर्तहरु :**

क) बोलपत्रदाताले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।

ख) आफूले सप्लाइ गर्ने औषधिको आधिकारिक पत्र Authority Letter स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए National supplier बाट लिइ पेश गर्नु पर्नेछ।

ग) बजेटको अवस्था हेरी खरिद गरिने औषधिको परिमाण थप घट हुन सक्नेछ।

घ) दरभाउपत्र स्वीकृत भएको मितिले बोटोको म्याद वाहेक ७ (सात) दिन भित्र दरभाउपत्रदाताले नियमअनुसार आयकर, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पून:वोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

ङ) कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।

च) दोस्रो पक्षले स्विकृत स्पेसिफिकेसन र परिमाण बमोजिमका औषधीहरु प्रथम पक्षलाई सम्झौताको मिति देखी १५ दिनभित्र यस नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ।

छ) दोस्रो पक्षले खरिद आदेशमा उल्लेखीत औषधीहरु नेपाल सरकारको मापदण्ड अनुसार उपलब्ध गराउनु पर्नेछ।

ज) दरभाउपत्रमा उल्लेख भए बमोजिमका औषधि तथा औषधिजन्य सामाग्रीहरुको म्याद नगुज्रिएको हुनु पर्नेछ। औषधिको हकमा आपूर्ति गरेको मिति देखि १८ महीना अवधि बांकी हुनु पर्नेछ। औषधिको म्याद १८ महिना भन्दा कम हुने हुने औषधिको हकमा Expirary date को ७५ प्रतिशत म्याद बाकी हुँदा दाखिला गर्न सकिनेछ।

झ) आपूर्ति गरिएको औषधिहरुमा नेपाल सरकार द्वारा निशुल्क वितरणका लागि मात्र लेखिएको हुनु पर्नेछ।

ञ) दरभाउपत्रमा खरिद गरिने प्रत्येक औषधिको आइटमवाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ। यसरी उत्पादक कम्पनीको नाम उल्लेख नगरी पेश गर्ने फर्मको दरभाउपत्र मान्य हुने छैन।

ट) बोलपत्र दाताले आफूले सप्लाई गर्नुपर्ने औषधिहरु कार्यालयमा सप्लाइ गर्दा कार्यालयले गठन गरेको समितिको निरिक्षण तथा मूल्यांकन गराई सके पछि मात्र स्टोर दाखिला गरिनेछ।

ठ) आपूर्ति हुने सम्पूर्ण औषधिहरु WHO GMP CERTIFIED COMPANY बाट उत्पादित भएको हुनु पर्नेछ। नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधि आपूर्ति गर्नु पर्दा उक्त कम्पनीहरुको WHO /GMP सर्टिफिकेट अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

ड) बोलपत्र दाताले मूल्य अंकित औषधिमा बढी दररेट राख्न पाउने छैन। स्विकृत बोलपत्र अनुसारको सामान एकमुष्ट वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ।

ढ) सप्लाई हुने औषधिको प्रत्येक प्याकिंगको बाहिर उत्पादन मिति, Expiray date, ब्याच नं तथा Supply for ministry of health and population Nepal वा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनी स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ।

६. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

७. दरभाउपत्र सम्वन्धी विस्तृत जानकारी बरहथवा नगरपालिकाको सूचना पाटी तथा वेवसाईट : www.barhathwamun.gov.np मा समेत हेर्न सकिनेछ।